नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

फोन : ०१ ५५२८८६३
फ्याक्स :५५३५५१५
५५२८४२३

अत्यन्त जरुरी

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: ८१५

मितिः२०७४/१२/२६

विषयः- कन्टिन्जेन्सी खर्चको सहमति सम्बन्धमा।

श्री सडक विभाग (योजना तथा डिजाइन/पुल/संभार/यान्त्रिक/बैदेशिक समन्वयय महाशाखा),
श्री क्षेत्रीय सडक निर्देशनालयहरु(सबै),
श्री उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय,
श्री आयोजना निर्देशनालय(ए.डि.बी.),
श्री सडक सुधार आयोजना(पि.सि.यु),
श्री हुलाकी राजमार्ग निर्देशनालय,
श्री डिभिजन सडक कार्यालयहरु(सबै),
श्री हेभी ईक्विप्मेन्ट डिभिजन/यान्त्रिक कार्यालयहरु(सबै),
श्री योजना/आयोजना कार्यालयहरु(सबै) ।

प्रस्तुत विषयमा सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ मा विभागको सहमति माग गरी गर्नु भनी उल्लिखित विषयमा मात्र सहमतिको लागि विभागमा फाईल पेश गर्ने तथा सिफारिस गर्ने कार्य गर्नु/गराउनु हुन विभाग र अन्तर्गतका निकायहरुलाई निर्देशन दिने भनी मितिः २०७४/१२/२५ मा महानिर्देशकज्यू बाट निर्णय भएको हुँदा सोको जानकारीको लागि अनुरोध छ।

(सुदिप प्रसाद तिमल्सेना)
लेखा अधिकृत

नोटः सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को **Scanned Copy** विभागको **Website: www.dor.gov.np** को "परिपत्र" भित्र रहेको हुँदा **Download** गरी प्राप्त गर्न सक्नु हुनेछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

फोन : ०१ ५५२८८६३
फ्याक्स :५५३५५१५
५५२८४२३

अत्यन्त जरुरी

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: ८९४.

मितिः२०७४/१२/२६

विषयः- कन्टिन्जेन्सी रकमबाट बेरुजु फछ्र्यौटको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा।

श्री डिभिजन सडक कार्यालय,
विदुर, नुवाकोट।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट चालु आ.ब. २०७४/०७५ को असार मसान्त सम्मको लागि बेरुजु फछ्र्यौट गर्न १ (एक) जना ब्यक्ति कार्यालयको कन्टिन्जेन्सी रकमबाट खर्च ब्यहोरिने गरी करारमा राख्ने सहमति माग गरिएकोमा सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ मा गर्न मिल्ने/नमिल्ने विषयमा कार्यालयलाई प्रष्ट रुपमा जानकारी रहेको हुँदा निर्देशिकामा लेखिए अनुसार आवश्यक निर्णय गर्न कार्यालयलाई जानकारी गराउने निर्णय मितिः २०७४/१२/२५ मा महानिर्देशकज्यू बाट भएको हुँदा सोको जानकारीको लागि अनुरोध छ।

(सुदिप प्रसाद तिमल्सेना)
लेखा अधिकृत

बोधार्थः
१. श्री मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल, काठमाडौं।

नोटः सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को **Scanned Copy** विभागको **Website: www.dor.gov.np** को "परिपत्र" भित्र रहेको हुँदा **Download** गरी प्राप्त गर्न सक्नु हुनेछ।